# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १२२ | काठमाडौं | बुधबार, ८ भदौ २०७९ | Prabhab National Daily, | Wednesday, Aug 24, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


महाभियोग सिफारिस समितिको बैठक

## प्रतिवेदनले संसद्मा प्रवेश नपाउने चिन्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्धको महाभियोग प्रस्ताव अगाडि बढाउन ढिलाइ भएकोप्रति सांसदहरूले प्रश्न उठाएका छन् । महाभियोग सिफारिस समितिको मंगलबार बसेको दोस्रो बैठकमा सांसदहरूले समितिको प्रतिवेदन संसद्मा पेस नहुने हो कि भन्दै प्रश्न उठाएका हुन् ।

निर्वाचनको समयमा आएर गठन भएको समितिले तयार पारेको प्रतिवेदन संसद्मा प्रवेश पाएन भने त्यसको अर्थ नहुने धारणा सांसदहरूले राखेका छन् । विशेषगरी प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरूले महाभियोग प्रस्ताव अगाडि बढाउन ढिलाइ हुनुको कारणबारे सभामुखले जवाफ दिनुपर्ने माग गरेका छन् । बैठकमा सांसद विष्णु पौडेलले छ महिना समय कटाएर तीन महिनाको समयमा गर्नुपर्ने काम निर्वाचनको मुखमा आएर समिति गठन गरेको भन्दै समितिले तयार गरेको प्रतिवेदन समितिमा निर्णयार्थ प्रस्तुत हुन नपाउने हो कि भन्ने चिन्ता व्यक्त गरे ।

'असोज २ गते निर्वाचनका लागि नोमिनेसन नै छ, हामीले बनाएको प्रतिवेदनले संसद्मा प्रवेश पाउँछ कि पाउँदैन ? प्रतिवेदन बनाएर संसदीय प्रक्रियामा गएन भने के अर्थ ?,' उनले भने ।

कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले पनि समितिले बनाएको प्रतिवेदनको औचित्य हुनुपर्ने नत्र त्यसको अर्थ नहुने धारणा राखे । सांसदहरू यशोदा गुरुङ सुवेदी, मीनबहादुर विश्वकर्मा र इकवाल मियाँले छ महिना बितिसकेको हुनाले एक महिनाभित्र सम्पूर्ण काम सक्नेगरी कार्यतालिका बनाएर काम अघि बढाउनुपर्ने धारणा राखे ।

मंगलबारको बैठक कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ । बैठक आज बुधबार पुनः बस्ने गरी स्थगित भएको हो । समितिका सभापति रामबहादुर विष्टले आजको बैठकमा कार्यविधिको मस्यौदामाथि छलफल गरेर कसरी अगाडि बढ्ने भन्ने विषय तय गरिने जानकारी दिए ।

सत्ता गठनबन्धन आबद्ध नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका ९८ जना सांसदले प्रधानन्यायाधीश राणाविरुद्ध गएको फागुन १ गते संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता गरेका थिए । संविधान र कानुनको (**बाँकी पृष्ठ ३ मा**)

लोक सेवा आयोगविरूद्धका सबै रिट खारेज

# परीक्षा सञ्चालनको बाटो खुल्यो

■ ९९ थान रिटमा सर्वोच्चको फैसला ■ १३ थान मुद्दामा परमादेश जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतले कर्मचारी समायोजन र पदपूर्तिबारेमा लोकसेवा आयोगविरूद्ध परेका सबै रिट खारेज गरेको छ । मंगलबार सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारी सेवाका लागि खोलिएका आवेदनमा आधारित भएर आयोगलाई विपक्षी बनाई दर्ता भएका सबै रिट एकसाथ खारेज गरिदिएको हो ।

९९ थान रिटमा सर्वोच्चले एकसाथ फैसला सुनाउँदै १३ थान मुद्दामा परमादेशसमेत जारी गरेको छ । समायोजन कानुनविपरीत भन्दै दायर गरेका रिटमा परमादेश जारी भएको छ । यी रिटमाथि आदेश जारी गर्दै सर्वोच्चले सम्बन्धित मन्त्रालयलाई कानुनविपरीत भएका निर्णय सच्याउन परमादेश जारी गरेको सर्वोच्चका प्रवक्ता विमलप्रसाद पौडेलले बताए । अर्थात् उनीहरूको समायोजन बदर भएको छ ।

सर्वोच्च अदालतमा पटक-पटक परेका मुद्दामा सर्वोच्चले अन्तिम फैसला दिन ढिलाइ गर्दै आएको थियो । समायोजनविरुद्ध कर्मचारीले प्रधानमन्त्री कार्यालय, लोक सेवा आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायतलाई विपक्षी बनाएर मुद्दा हालेका थिए ।

यसअघि नै सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दाको सुनुवाइ सकिए पनि मंगलबार मात्र फैसला सुनाइएको हो । यसअघि साउन १७ गते नै फैसला सुनाउने भनिएको थियो । त्यसपछि भदौ १ गते फैसला सुनाउने भनिएकोमा ५ गतेका लागि सारिएको थियो । सो दिन पनि फैसला नसुनाएर ७ गते मंगलबारका लागि पेसी सारिएको थियो । कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू अनिलकुमार सिन्हा, विश्वम्भरप्रसाद श्रेष्ठ, बमकुमार श्रेष्ठ र टंकबहादुर मोक्तान सम्मिलित संवैधानिक इजलासले उक्त मुद्दामा मंगलबार अन्तिम फैसला सुनाएको हो ।




### सर्वोच्चको अन्तिम फैसला नआउँदा कर्मचारी पदपूर्ति प्रक्रिया तीन वर्षदेखि प्रभावित बनेको थियो

सर्वोच्चले कर्मचारी समायोजन र पदपूर्तिबारे अन्तिम फैसला नदिएका कारण लोक सेवाले निजामती सेवाका एक हजारभन्दा बढी पदमा तीन वर्षयता पदपूर्ति गर्न पाएको थिएन । तर, मंगलबारको फैसलासँगै ती पदमा पदपूर्ति गर्न बाटो खुलेको छ । फैसलाको पूर्णपाठ केही समयपछि सार्वजनिक हुनेछ । फैसलाको पूर्णपाठ दिएसँगै त्यसले गरेको व्याख्याको आधारमा लोक सेवाले परीक्षा सञ्चालन गर्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समायोजनको कार्य गर्नेछ ।

आउँदो मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तोकिएकाले त्यसलाई पनि कर्मचारी व्यवस्थापन गर्न सर्वोच्चको फैसलाले सहज भएको सरकारी पक्षको भनाइ छ । विगतमा सर्वोच्चले एकै खालका मुद्दामा फरक-फरक आदेश गरेका कारण निजामती कर्मचारीको समायोजन प्रक्रिया, पदपूर्ति र खटनपटनमा बेथिति देखिएको थियो ।

नयाँ संविधान जारी भएपछि पनि प्रशासनिक संघीयता पूर्णरूपमा कार्यान्वयन हुन सकेको थिएन । २०७६ मा भएको कर्मचारी समायोजन प्रक्रिया अवरुद्ध भइरहेको थियो । कर्मचारीहरूको विवाद लामो समयदेखि अदालतमा विचाराधीन थियो । सुरुमा संयुक्त इजलासले यसलाई टुंगोमा पुर्‍याएको थियो । त्यसविरुद्ध विभिन्न पक्षले मुद्दा दायर गरेका थिए ।

गत असार २९ गतेदेखि सुनुवाइ सुरु भएको मुद्दा हेर्दा-हेर्दैमा रहेको थियो । यो मुद्दा संवैधानिक इजलासमा असार २ गते आइपुगेको थियो । जेठ १७ गते बृहत् पूर्णइजलासमा पठाइएको उक्त मुद्दा पाँच न्यायाधीशको इजलासले संवैधानिक विवाद देखिएकाले त्यसको (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## वैदेशिक रोजगारीका नाममा ठगी बढ्दो

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका नाममा श्रमिक ठगिने क्रम बढ्दो देखिएको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि जाने युवाहरूको पहिचान गर्ने र विभिन्न प्रलोभन देखाइ ठगी गर्ने क्रम बढेको पाइएको हो ।

वैदेशिक रोजगार विभागमा गत आर्थिक वर्ष २०७८/७९ मा संस्थागत तथा व्यक्तिगत गरी एक हजार ७४२ वटा ठगीका उजुरी परेका थिए । जसमा ४१५ वटा मिलापत्र गराइएको छ भने ८७ वटा ठगीका घटनामा आवश्यक अनुसन्धानपछि विभागले मुद्दा दायर गरेको छ । बाँकी घटनाका विषयमा कुनै टुंगो लागेको छैन । विभागमा अघिल्लो आर्थिक वर्ष ठगीका उजुरी ७८० मात्र देखिन्छ । यसबाट ठगीका घटनामा उल्लेख्य वृद्धि भएको पुष्टि हुन्छ ।

विभागसम्म नपुगेका ठगीका घटना कति होलान् ? त्यसको कुनै गन्ती छैन । अझ जिल्ला-जिल्लामा वैदेशिक रोजगारीका लागि जाने क्रममा ठगिएको भन्दै जिल्ला प्रशासन कार्यालयहरूमा पर्ने उजुरीको रेकर्ड विभागसँग छैन । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै म्यानपावर कम्पनीबाटै ठगिनेको संख्या पनि उल्लेख्य छ । पछिल्लो पटक साउन ३० गते वैदेशिक रोजगारीका लागि नेदरल्याण्ड्स पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम संकलन गरी फरार रहेको अभियोगमा कोटेश्वरस्थित मुन हयुमन रिसोर्सेसका सञ्चालक प्रकाश राईलाई प्रहरीले पक्राउ गरेर विभागमा बुझायो । यसको आवश्यक छानबिन र अनुसन्धान भइरहेको विभागले जनाएको छ । राईले नेदरल्यान्ड्समा पठाएर पानी जहाजमा सिम्यानको काम लगाइदिने भन्दै १६ जनाबाट एक करोड ३६ लाख ५० हजार रूपैयाँ उठाएर फरार भएको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको थियो । त्यसको एक दिनअघि आकर्षक आम्दानीको प्रलोभन देखाएर बेलायत र दुबई पठाइदिन्छु भन्दै छ जनासँग पैसा लिएर फरार भएको उजुरीको आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरी विभागमा बुझाएको थियो । यसभन्दा अघि पनि विभिन्न ठगीका घटनामा संलग्नहरूलाई पक्राउ गरेको र आवश्यक अनुसन्धान र प्रमाणका आधारमा विभागले मुद्दा दायर गर्ने गरेको सूचना प्रकाशन गर्दै आएको छ ।




रोजगारीका लागि विभिन्न विकसित मुलुकहरूमा पठाइदिने भन्दै ठगी हुने गरेको विभागले जनाएको छ । विशेषगरी बेलायत, क्यानडा, इजरायल, बहराइन, जापानलगायतका विकसित मुलुकमा आकर्षक आम्दानीको लोभ देखाएर युवाहरूलाई ठग्ने गिरोह नै सक्रिय रहेको विभागको भनाइ छ । त्यस्तै म्यानपावर कम्पनीले अघोषितरूपमा परिचालन गरेको एजेण्टबाट पनि ठगिनेको संख्या थुप्रै छ । यसको उदाहरणको लागि नवलपरासीलाई लिन सकिन्छ । नवलपरासी जिल्ला प्रशासन कार्यालयमा एजेन्टहरूले मोटो रकम असुलेर विदेश नपठाएपछि पीडितहरूले उजुरी दिए । एक वर्षमा ७० जनाले उजुरी दिएको प्रशासन कार्यालयले जनाएको छ। उजुरी दिएकामध्ये २५ जनाको रकम फिर्ता गराइएको मुद्दा शाखाका कर्मचारी राजकुमार यादवको भनाइ छ ।

सरकारले 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था गरेको मलेसियालगायत खाडी मुलुकमा जाने कामदारसँग अहिले पनि अनधिकृतरूपमा म्यानपावर र एजेन्टहरूले एक लाख रूपैयाँभन्दा बढी पैसा लिने गरेको जानकारहरू बताउँछन् । यसरी अनधिकृतरूपमा पैसा लिनु पनि ठगी भएको विभागले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने युवाहरू ठगिएका थुप्रै उजुरी विभागमा आउने गरेको निर्देशक कृष्णप्रसाद भुसालले बताए । उनका अनुसार यसरी आएका उजुरीलाई विभागले गम्भीरतापूर्वक लिएर आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने गरेको छ । वैदेशिक रोजगारीमा जान चाहनेले लहडको भरमा नभई सम्बन्धित निकायमा बुझेर मात्रै आवश्यक प्रक्रिया बढाउन उनले सुझाव दिए ।



मन्त्रिपरिषद्को निर्णय

# विदेशी नागरिकलाई तेस्रो मुलुकमा जान प्रस्थान अनुमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति दिन लगाएको प्रतिबन्ध हटाएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मात्र ट्रान्जिट हुनेबाहेक विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने गरी मन्त्रिपरिषद्बाट २०७८ वैशाख १३ गते भएको निर्णय खारेज गरेको हो ।

सरकारले तत्कालीन समयमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन उक्त निर्णय गरेको थियो । अहिले कोरोना महामारी सामान्य बन्दै गएपछि तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने निर्णय खारेज गरिएको हो ।

सोमबारकै मन्त्रिपरिषद् बैठकले राष्ट्रसेवक कर्मचारी र श्रमिकहरूको न्यूनतम तलब, भत्ता, पारिश्रमिक एवं सुविधा पुनरवलोकनका लागि उच्चस्तरीय तलब सुविधा आयोग गठन गर्ने निर्णय गरेको छ। बैठकले देशको आर्थिक अवस्था र खर्च बहन गर्नसक्ने क्षमतासमेतका आधारमा कर्मचारी र श्रमिकको तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरवलोकन गर्न आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न पूर्वमुख्यसचिव लीलामणि पौड्यालको संयोजकत्वमा उक्त आयोग गठन गरेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए । मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले उच्चस्तरीय पारिश्रमिक एवं सुविधा पुनरवलोकनका लागि तलब सुविधा आयोग गठन गर्ने निर्णय भएको जानकारी दिएका हुन् ।

बैठकले बालाजु-त्रिशूली सडक खण्डको (मुड्खु-तीनपिप्ले) ५.५ किलोमिटर सडक निर्माण कार्य तत्काल अगाडि बढाउन विशेष परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रियामा लैजान सैद्धान्तिक सहमति प्रदान गरेको छ । यसैगरी मन्त्रिपरिषद्को सोही बैठकले सहरी विकास मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गरी ५८४ वटा अधिकृतस्तरका कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको छ । सहरी विकास मन्त्रालयमा ३८० र कृषि तथा पुशपन्छी विकास मन्त्रालयमा २०४ गरी कूल ५८४ अधिकृतस्तरका कर्मचारी अस्थायी दरबन्दी स्वीकृत गरेको सञ्चारमन्त्री कार्कीले बताए । उनका अनुसार सहरी विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने विकास आयोजना/कार्यक्रमहरू सञ्चालन गर्न आर्थिक वर्ष २०७९/८० का लागि राजपत्रांकित श्रेणीका कर्मचारीको दरबन्दी थप गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी आर्थिक वर्ष ०७९/८० का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत राजपत्रांकित श्रेणीका कर्मचरीको दरबन्दी थप गर्ने निर्णय गरिएको मन्त्री कार्कीले बताए। मन्त्रिपरिषद् बैठकले संयुक्त राष्ट्रसंघको अनुरोधमा 'युनाइटेड नेसन्स मल्टिडाइमेनसनल इन्टिग्रेटेड स्टयाबिलाइजेसन मिसन इन माली' मामा सशस्त्र प्रहरी बल, नेपालका १४० जना 'फर्मड पुलिस युनिट' परिचालन गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

आगामी भदौ २० देखि २३ गतेसम्म रस्सियामा हुने 'सेकेण्ड इन्टरनेसनल टाइगर फोरम' सम्बन्धी कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदीप यादव र सचिव डा.पेमनारायण कँडेललाई सहभागी हुन स्वीकृति दिने बैठकले निर्णय गरेको छ । यस्तै सोही बैठकले बेलायतमा भदौ २२ देखि २४ सम्म सरकारी निकाय) ले आयोजना गर्ने 'दि एक्सपोजार प्रोग्राम एण्ड नलेज सेयरिङ रिलेटेड टू दी एरबोर्न लिडार प्रोजेक्ट' सम्बन्धी भ्रमण कार्यक्रममा सहभागी हुन सचिव रामप्रसाद थपलियालाई स्वीकृति दिने निर्णय गरेको छ ।

त्यसैगरी बैठकले महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना स्वीकृत गरेको मन्त्री कार्कीले जानकारी दिए ।

# सातौं तामाङ ज्ञान महोत्सव सम्पन्न

■ प्रभाव संवाददाता




**काठमाडौं–** सातौं तामाङ ज्ञान महोत्सव सम्पन्न भएको छ । बौद्धस्थित तामाङ भवनमा यही भदौ ४ गते सुरु भएको महोत्सव भदौ ६ (सोमबार) सम्पन्न भएको हो । यसपटकको महोत्सवमा विभिन्न कार्यपत्र प्रस्तुतीकरण, स्मृतिवाचन र प्यानल छलफल भएको महोत्सवका संयोजक निष्णु थिङले जानकारी दिए ।

महोत्सवमा 'तामाङ लोकसाहित्य : एक विमर्श', 'सरकारी कामकाजमा तामाङ भाषा' र 'तामाङ मुक्ति आन्दोलनको अबको बाटो' गरी तीनवटा शीर्षकमा प्यानल छलफल सञ्चालन गरिएको थियो । यसैगरी तामाङ जातिसँग सम्बन्धित विभिन्न विषयमा आधारित १३ वटा कार्यपत्र महोत्सवमा प्रस्तुत गरियो । साथै, तामाङ समाजका ज्येष्ठ नागरिकहरूले स्मृतिवाचनसमेत गरेका थिए । स्मृति वाचन गर्नेमा अमेरिका निवासी इन्द्र तामाङ, नेपाल सरकारका पूर्वसचिव धनबहादुर तामाङ, आशाराम तामाङ र खड्गजित लामा रहेका थिए ।

तामाङ समुदायले भदौ ६ गतेलाई पहिचान दिवसको रूपमा मनाउँदै आएको छ । वि.सं. १९८९ भदौ ६ गतेका दिन तत्कालीन राणा प्रधानमन्त्री भीम शमशेरले नेपाल सरहदभित्र विभिन्न नामले बोलाइने जातिलाई 'तामाङ' लेख्न-लेखाउन सनदपत्र जारी गरेका थिए । त्यसअघि तामाङ लेख्न/भन्न पाइँदैन थियो । जंगवीर तामाङ नेतृत्वको टोलीले आफूहरूलाई 'तामाङ' भनियोस् भनी राखेको मागपत्रलाई सम्बोधन गर्दै भीम शमशेरले सनद जारी गरेको इतिहास छ । 'तामाङ' लेख्न र भन्न पाएको सोही दिनलाई तामाङ समुदायले पहिचान दिवसको रूपमा मनाउने गरेको छ । यही अवसरमा तामाङ ज्ञान महोत्सव आयोजना गरिँदै आएको हो ।

यसपटकको महोत्सवको तामाङ न्हाङखोर, तामाङ डाजाङ र तामाङ राष्ट्रिय पुस्तकालयले संयुक्तरूपमा आयोजना गरेका हुन् । महोत्सवको उद्घाटन सत्रमा भारतको पश्चिमबंगाल सरकारद्धारा गठित तामाङ संस्कृति तथा विकास बोर्डका अध्यक्ष सञ्जय मोक्तान प्रमुख अतिथिका रूपमा उपस्थित भएका थिए ।

यसपटकको महोत्सव भव्यताका साथ सम्पन्न भएको आयोजकले जानकारी दिएको छ । महोत्सव तामाङ समुदायमा रहेका विभिन्न ज्ञानको खोजी, संरक्षण, प्रवर्द्धन एवं युवा पुस्तामा पुस्तान्तरण गर्नसमेत महत्त्वपूर्ण बनेको संयोजक थिङले बताए ।

## परीक्षा सञ्चालन...

पृष्ठ १ बाट जारी

सम्बोधन गर्नुपर्ने भन्दै संवैधानिक इजलासमा पठाउने आदेश गरेको थियो ।

न्यायाधीशहरू बमकुमार श्रेष्ठ, प्रकाशकुमार ढुंगाना, सुष्मालता माथेमा, हरिप्रसाद फुयाल र मनोजकुमार शर्माको इजलासले गम्भीर संवैधानिक विवाद देखिएको भन्दै कर्मचारी समायोजनसम्बन्धी मुद्दालाई संवैधानिक इजलासमा पठाउने आदेश गरेको थियो । पूर्णइजलासमा बहसका क्रममा सरकारीपक्षले संवैधानिक इजलासमा पठाएर सुनुवाइ गर्न उपयुक्त हुने सुझाव दिएपछि उक्त इजलासमा पठाउने आदेश गरिएको थियो । यसअघि दुई न्यायाधीशको इजलासले बृहत् पूर्णइजलासमा पठाउने आदेश गरेको थियो ।

सर्वोच्च अदालतका न्यायाधीशहरू ईश्वर खतिवडा र तिलप्रसाद श्रेष्ठको जेठ १७ गतेको इजलासले समायोजनसम्बन्धी मुद्दालाई बृहत् पूर्णइजलासमा पठाउने आदेश गरेको थियो । संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूले दायर गरेको ९९ थान निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय खतिवडा र श्रेष्ठको इजलासले मुद्दाको सुनुवाइका लागि पाँच न्यायाधीश वा सोभन्दा धेरैको बृहत् पूर्ण इजलासमा पठाउने आदेश दिएको थियो ।

यसअघि उक्त मुद्दामा तीन न्यायाधीशको इजलासले फैसला सुनाएकाले बृहत् पूर्णइजलासबाट फैसला गर्नका लागि पठाइएको हो । संघीयता कार्यान्वयनपछि सरकारले कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय तहमा गरेको समायोजनविरुद्ध दायर भएको रिटमा सर्वोच्चले १२ माघ २०७८ मा नै फैसला सुनाएको थियो ।

सर्वोच्चका न्यायाधीशहरू डा. आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले फैसला सुनाउँदै सरकारले गरेको समायोजनलाई सही ठहर गरेको थियो । सर्वोच्चको उक्त फैसलामा सरकारले गरेको कर्मचारी समायोजनलाई कानुनसम्मत ठहऱ्याउँदै समायोजन भएका कर्मचारीलाई फेरि संघीय निजामती सेवामा फर्काउनु नपर्ने भनिएको थियो ।

आफूहरूलाई असंवैधानिकरूपमा प्रदेश र स्थानीय तहमा समायोजन गरिएको भन्दै कर्मचारीहरूले संघीय निजामती सेवामा फर्काउनुपर्ने माग राख्दै दायर गरेको रिट सर्वोच्चले खारेज गरिदिएको थियो । सर्वोच्चको उक्त फैसलाविरुद्ध पुनः निवेदन परेको थियो । उक्त निवेदनमाथिको सुनुवाइका क्रममा फरक राय राख्दै पुनः व्याख्याका लागि न्यायाधीशहरू खतिवडा र श्रेष्ठको संयुक्त इजलासले पाँच सदस्यीय बृहत् पूर्णइजलासमा पठाउने आदेश गरेको थियो ।

प्रशासनिक संघीयता कार्यान्वयनको क्रममा २०७६ सालमा गरिएको समायोजन प्रक्रियासमेत पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । सरकारले २०७६ चैतमा कर्मचारी समायोजन पूरा भएको घोषणा गरेको थियो । त्यसबेला तीनै तहमा ९९ हजार कर्मचारी समायोजन गरिएको थियो ।

तर, सर्वोच्चको अन्तिम फैसला नआउँदा कर्मचारी पदपूर्ति प्रक्रिया तीन वर्षदेखि प्रभावित बनेको थियो । यसले गर्दा नायब सुब्बा, खरिदार र अधिकृत तहका प्राविधिक तथा प्रशासनिकसमेत झण्डै एक हजार कर्मचारीको पदपूर्ति रोकिएको छ। एउटै प्रकृतिको मुद्दामा सर्वोच्चले दिएको फरक-फरक आदेश, कर्मचारी समायोजनबाट उत्पन्न बेथिति र थरुहटले गरेको कोटा निर्धारणको मागका कारण पदपूर्ति अवरुद्ध हुँदै आएको थियो ।

प्रदेश र स्थानीय तहमा समायोजन भएका अधिकृतहरू संघको दरबन्दीमा फर्कन थालेपछि नयाँ प्रवेशका लागि परीक्षा दिएर बसेका कर्मचारीले सिट संख्या घट्न नहुने भन्दै रिट दर्ता गरेपछि सर्वोच्चले पदपूर्ति प्रक्रिया रोक्न आदेश दिएको थियो । यसपछि लोक सेवाले तालिका अनुसारको परीक्षा सञ्चालन गर्न नपाउँदा स्थानीय तह र स्वास्थ्य सेवामा हजारौं कर्मचारी करार सेवामा पदपूर्ति गरिएको छ । वीर अस्पतालमा मात्र ३०० नर्सको दरबन्दी रिक्त छ ।

कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परेको छ भने परीक्षा तयारीमा रहका हजारौं परीक्षार्थी अन्योलमा थिए । झण्डै एक लाख परीक्षार्थीले विभिन्न पदका लागि तयारी गरिरहेको आयोगको अनुमान छ ।

दुई सयभन्दा बढी स्थानीय तहमा पाँच वर्षदेखि प्रशासनिक प्रमुख निमित्तले चलाइरहेका छन् । प्राविधिक कर्मचारीको अभाव बढ्दै गएको छ । पदपूर्ति हुन नसक्दा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, मालपोत अधिकृत र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतबाट दिने सेवासमेत प्रभावित भएका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७५/१२/०७ मा दर्ता भएको **प्रा.लि.नं.२११२८१** को **साम्राजी मिडिया सोलुसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी आवश्यकता**

**भेरा हेल्थ प्रा.लि.मा सामान डेलिभरी गर्ने केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले यथाशीघ्र सम्पर्क गर्नुहुन अनुरोध छ ।**

पुनश्चः काम गर्न चाहने व्यक्तिको आफ्नै दुईपांग्रे सवारीसाधन हुनुपर्ने जानकारी गराइन्छ ।

**काम : सामान डेलिभरी गर्ने ।**

(जति धेरै सामान डेलिभरी गऱ्यो त्यति धेरै कमाइ हुने)
*आवश्यक संख्या : केही ।

**भेरा हेल्थ प्रा.लि.**
महाराजगञ्ज, चक्रपथ, काठमाडौं (सेल्सबेरीको ठीक अपोजिट)
सम्पर्क नं. : ९८०८५४२४८५



**मलेशियामा रोजगार ASIA MANIA SDN. BHD.**
पुर्व स्विकृति मितिः 2079.05.07 चलानी नं. ६०१८५९७६ LT No. 270140

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 80 | 1500 | 43077 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ भाद्र १५ गते (31 August 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



**CYPRUSमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **R. DIMITRIADIS SERVICES LTD**
पुर्व स्वीकृति मिति २०७८/०७/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT. No. :249556 चलानी नं.६०१६६५७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 1 | 0 | 314 | ३९,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १५ र २४ गते (31st Aug & 9th Sep. 2022) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AGNI OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ९५९/०६७/०६८
Samakhushi, KTM, Nepal, Ph. : +977-1-4350389,9841588047



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **SAS PHYSIOTHERAPY CENTER**
पूर्व स्वीकृति मिति २०७८/०९/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT. No. 256246 चलानी नं. ६०१६८४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 3 | 90 | ३७,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Nursery | 0 | 1 | 350 | १४५,२८५ | | | | | | | |
| 3 | Physical Medicine & Rehabilitation | 1 | 0 | 1000 | ४१५,१०० | | | | | | | |
| 4 | Physiotherapist | 2 | 2 | 390 | १६१,८९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.**
Lic No. 632/063/64
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301
9843743860, 9841699092
Email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com



**Sunkoshi Kalika Multiple Campus**
**Sunkoshi-3, Sisneri, Okhaladhunga, Nepal**
**Province no-1, Nepal**
**Construction of Academic block of Sunkoshi Kalika Multiple Campus**
**Date of publication: 2079/05/08**

1. Sunkoshi Kalika Multiple Campus, Sunkoshi-3, Sisneri, Okhaldhunga invites sealed bids from eligible bidders for the procurement of **Construction of Academic block** of Sunkoshi Kalika Multiple Campus under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (With VAT) | Minimum Bid Security Amount | Cost for bid documents |
|---|---|---|---|---|
| W/NCB-01/079/80 | Construction of Academic block of Sunkoshi Kalika Multiple Campus | NRs. 66,53,176.51 | NRs. 1,70,000.00/ 120 days | NRs. 3000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sunkoshi Kalika Multiple Campus.
3. A complete set of Bidding Documents may be purchased from the office Sunkoshi Kalika Multiple Campus by eligible Bidders on the submission of a written application, along with the copy of a) company/firm registration certificate b) VAT and PAN registration form c) TAX clearance certificate valid for F/Y 2077/78 d) Power of Attorney, and upon payment of non-refundable fee (Cost of bid documents) as mentioned in above table for the biding documents from the office of Sunkoshi Kalika Multiple Campus.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rashtriy Banijya Bank, New Baneshwar Branch
   Name of Office: Sunkoshi Kalika Multiple Campus, Sunkoshi-3, Sisneri
   Office Account no: 1420100005462001(Chalti Hisab A/c no.)
4. Pre-bid meeting shall be held at the office of Sunkoshi Kalika Multiple Campus **at 13:00 PM on 2079/05/23**
5. Bid document can be purchased from the office of Sunkoshi Kalika Multiple Campus, Sunkoshi-3, Sisneri, Okhaldhunga before **17:00 P.M. on 2079/06/06.**
6. Sealed bids must be submitted to the office of Sunkoshi Kalika Multiple Campus by hand/courier before **12:00 Noon on 2079/06/07.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend after **14:00 PM 2079/06/07,** at the office of Sunkoshi Kalika Multiple Campus. Bids must be valid for a period as indicated in table above from counting from the days of bid opening and must be accompanied by a bid security, the amount and validity period as given in above table.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The office of Sunkoshi Kalika Multiple Campus, Sunkoshi-3, Sisneri, Okhaldhunga reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.
10. Bidding will be conducted through the sealed bids procedure as specified in the table above and matter not specified in this notice and the biding documents follows according to the procurement Act 2063 and procurement regulation 2064 of Nepal.

**Campus chief**

## प्रतिवेदनले संसद्मा ...

पृष्ठ १ बाट जारी

गम्भीर उल्लंघन गरेको, कार्यक्षमता अभाव, खराब आचरण, इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेको र आचारसंहिताको गम्भीर उल्लंघन गरेकोलगायत २१ बुँदे आरोप लगाएर राणामाथि महाभियोग प्रस्ताव दर्ता गरिएको थियो ।

महाभियोग प्रस्ताव दर्ता भएसँगै राणा निलम्बनमा परे भने कामु प्रधानन्यायाधीशको जिम्मेवारी वरिष्ठतम् न्यायाधीश दीपकुमार कार्कीले पाए । निलम्बनमा परे पनि राणाले अहिलेसम्म बालुवाटारस्थित सरकारीनिवास छाडेका छैनन् । कथं महाभियोग प्रस्ताव पारित भएन भने पुनः सर्वोच्च फर्किने विकल्प बाँकी रहेको उनले सरकारीनिवास छाडेका छैनन् । सरकारले पनि करबल गरेको छैन । महाभियोगबारे छिनोफानो नहुञ्जेल सरकारीनिवास नछोड्ने उनको मनशाय देखिन्छ ।

प्रधानन्यायाधीश राणाविरूद्ध लगाइएको महाभियोग छानबिनका लागि संविधानको धारा १०१ अनुसार फागुन २२ मै महाअभियोग सिफारिस समिति गठन गरिएको थियो । प्रतिनिधिसभा नियमावलीको नियम १६३ को ४ मा समितिले बढीमा तीन महिनाभित्र छानबिन गरेर प्रतिवेदन संसद्मा पेस गर्नुपर्ने व्यवस्था रहे पनि समिति पाँच महिनासम्म निष्क्रियजस्तै बन्यो ।

समितिमा नेकपा एमालेका विष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाङ्फे, कृष्णभक्त पोखरेल सदस्य छन् । नेपाली कांग्रेसबाट मीनबहादुर विश्वकर्मा र रामबहादुर विष्ट, नेकपा माओवादी केन्द्रबाट यशोदा सुवेदी गुरुङ र रेखा शर्मा सदस्य छन् । नेकपा एकीकृत समाजवादीबाट कल्याणी खड्का, लोकतान्त्रिक समाजवादी पार्टीबाट एकवाल मियाँ र जनता समाजवादी पार्टीबाट प्रमोद साह सदस्य छन् ।

## अमेरिकी डलर देखाए शृंखलाबद्ध ठगी

**काठमाडौं (प्रस)–** सस्तो दरमा अमेरिकी डलर साटिदिने प्रलोभनमा पारी उपत्यकाका विभिन्न स्थानमा श्रफ्लाबद्ध रूपमा ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ थला डाँडा घर भई काठमाडौं बौद्ध आरुबारी बस्ने समिर भन्ने ३२ वर्षीय संजय तामाङ र ललितपुर धापासीहाइट बस्ने ३१ वर्षीय विष्णु तामाङ रहेका छन् ।

उक्त घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले १५ लाख बराबरको अमेरिकि डलर साट्न लागेको अवस्थामा फेला पारी काठमाडौं टोखा नगरपालिकास्थित युनिक कोलोनीबाट उनीहरूलाई पक्राउ गरेको हो । अनुसन्धानको क्रममा उनीहरूले पीडित व्यक्तिहरूलाई पटकपटक फोन मार्फत सम्पर्क गरी अवैध अमेरिकी डलर रहेको र सस्तो दररेटमा साटिदिन प्रलोभनमा पार्ने गरेको, १ र ५० दरका अमेरिकि डलर देखाई विश्वासमा पारी सटही गर्ने बहानामा पैसा लिएर उपत्यकाका बिभिन्न स्थानमा बोलाई लाखौं रूपैयाँ लुटपाट गरेको खुल्न आएको छ ।

## विभिन्न धनमाल चोरी

**काठमाडौं (प्रस)–** नुवाकोट जिल्ला दुप्चेश्वर गाउँपालिका-६ घर भएका ४५ वर्षीय बिल कुमार श्रेष्ठले काठमाडौं महानगरपालिका-३० ज्ञानेश्वरमा सञ्चालन गरेको कम्पयूटर मर्मत तथा डेलिभरी सर्भिस सेन्टरबाट १० थान ल्यापटप र अन्य इलेक्ट्रोनिक मेशिनरी सामानहरू गरी करिब ३२ लाख ७७ हजार रूपैयाँ बराबरको धनमाल आइतबार चोरी भएको छ ।

## भूल-सुधार गरिएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक १२१ भदौ ०७ गते २०७९ मा प्रकाशित भएको **ALL SKILLS INTERNRNATIONAL HUMAN RESOURCE PVT. LTD** को Lot No. **269953** को UMR SOLUTIONS SDN BHD को विज्ञापनमा पुरुष कामदारको संख्या १०० हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराईन्छ ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

---

सुदूर पश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**महाकाली प्रादेशिक अस्पताल**
कन्चनपुर

## बोलपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०८**

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यका लागि बोलपत्र सम्बन्धी प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटी र **http://www.bolpatra.gov.np/egp** मा राखिएको व्यहोरा अनुरोध छ ।

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Last Date of Bid Submission | Bid opening date/Time |
|---|---|---|---|---|---|---|
| 1 | MPH/NCB/SG/ 2079/80-02 | Supply of Security Guard | 105000. | 3000/- | 2079/06/07 upto 12:00 Noon | 2079/06/07 at 2:00 PM |

**मेडिकल सुपरिटेन्टेण्ट**

---

**Mai Municipality**
**Office of The Municipal Executive**
**Sitali, Ilam**
**Province no. 1, Nepal**

## INVITATION OF BIDS FOR THE FOLLOWING ORKS

**(First Date of Publication: 2079/05/08)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) Procedures. Bid document may be downloaded from PPMO website **www.bolpatra.gov.np/egp**. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam (maimun.gov.np)**, may email on the email address **(mainagarpalika@gmail.com)**, or may call on **(9849079791/9852639111)** at office time.

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/ GOODS / 01/ 079/80 | Procurement and Supply of Medical Items for Pharmacy | 75,84,008.50 | 1,89,000.00 (120 Days) | 3000.00 | 2079/06/07 12:00 (Noon) | 2079/06/07 13:00 PM |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Invitation for Bids

**Latinath Campus, Marma -3, Darchula**

## Invitation for Bids No: LCM/NCB/01/079/080

Date of Publication : 2079/05/08

1. ***Latinath Campus Marma -3 Darchula*** invites sealed bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures.

| S.N | Contract ID | Description of Work and Contract No. | Estimated Cost (Incl. VAT) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | LCM/NCB/ 01/079/080 | Construction of Latinath Campus Building | 5446868.92 | 136000.00 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Latinath Campus Marma-3 Darchula***. **Ph. No.9868494620, E-mail: latinathcampus@gmail.com**
3. A complete set of Bidding Documents may be purchased from the office ***Latinath Campus Marma-3 Darchula*** and the ***Latinath Campus Marma-3 Darchula*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate with Issued date, Tax clearance certificate FY 2077/078, VAT/PAN registration certificate and upon payment of a non-refundable fee of ***NRs.3000*** till 2079/06/07 during office hours.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: Sunrise Bank Limited Marma Branch ,Darchula

   Name of Office: Latinath Campus Marma-3 Darchula

   Office Account no.: 0830531157701001
4. Pre-bid meeting shall be held on ***2079-05-29, at the office Latinath Campus Marma-3 Darchla, 11:30 am.***
5. Sealed bids must be submitted to the office ***Latinath Campus Marma-3 Darchula*** by hand or courier on or before **12:00 Noon on 2079/06/08** . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 2079/06/08** at the office of ***Latintah Campus Marma-3 Darchula***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **136000.00** which shall be valid for 30 days beyond the validity period of the bid.

   **Information to deposit Bid Security in Bank:**

   Name of the Bank: Sunrise Bank Limited Marma Branch ,Darchula

   Account Name: Latinath Campus Marma-3 Darchula

   Deposit Account No.: 0830531157701001
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

---


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RADIF TRADING EST (CR NO.-1010567110)**

पूर्व स्वीकृति मिति: २०७९/०५/०७ | LT. No.270058 | चलानी नं. ६०१८५९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 2 | 0 | 2500 | ८५,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SJ VARIED SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/०७ | LT No :265941 | चलानी नं. ६०१८१९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BRANCH OF FAISAL MUSLIH AL SAWAT TRADING CORPORATION**

पूर्व स्वीकृति मिति : २०७८/०३/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/०७ | LT. No.240447 | चलानी नं. ६०१५९४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 1 | 0 | 1000 | ३४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, Mob No. 9801147203/ 9801040620/ 9842482418,
E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOUCH OF ARTS PROJECTS**

पूर्व स्वीकृति मिति : २०७९/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०७ | LT. No. 266985 | चलानी नं. ६०१८५९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LIGENCE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०६ | LT. No. 270078 | चलानी नं. ६०१८५९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **MING COURT HONG KONG TIM SUM SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०७ | LT. No. 270111 | चलानी नं. ६०१८५९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 5 | 0 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

कम्पनी : **AL KHIDR COMPANY LTD**

पूर्व स्वीकृति मिति २०७९/०३/३० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ | LT. No. 267273 | चलानी नं. ६०१८३४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Labour | 8 | 0 | 1000 | ३४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेपाली नर्सलाई अवसर

नेपाल र बेलायत सरकारबीच रोजगारीका लागि नेपाली स्वास्थ्यकर्मी लैजाने समझदारीपत्रमा सोमबार हस्ताक्षर भयो । लामो समयदेखि प्रतीक्षाको विषय बनेको श्रम समझदारीपश्चात् नेपाली स्वास्थ्यकर्मीहरूलाई विधिसम्मत तवरले बेलायतको स्वास्थ्य क्षेत्रको रोजगारीमा सहज संलग्न हुने वातावरण तयार हुने एवं नेपाली स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमासमेत मद्दत पुग्ने विश्वास लिइएको छ ।

समझदारीअनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली स्वास्थ्यकर्मीको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने व्यवस्था भनिएको छ । यो निकै स्वागतयोग्य कुरा हो । बेलायत पठाउने नेपाली स्वास्थ्यकर्मी छनोट वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेण्ट अफ हेल्थ एण्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा हुनेछ । रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीले शून्य लागतमा बेलायत जाने अवसर प्राप्त गर्ने छन् । समझदारीमा नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क नलाग्ने एवं रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीको लागतको शोधभर्नासमेत हुने उल्लेख छ ।

नेपाली स्वास्थ्यकर्मीको छनोट, पदस्थापना र सेवा सुविधासम्बन्धी मापदण्डको विषयमा थप छलफल हुन बाँकी देखिन्छ । नेपालमा केही नर्स बेरोजगार रहेको र केही अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य रहेको अवस्थामा दुई देशबीच भएको ऐतिहासिक समझदारीले स्वास्थ्यकर्मी बेरोजगार बन्नुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा गर्न सकिन्छ ।

शून्य लागतमा नर्स लैजाने भने पनि कति लैजाने भन्ने यकीन संख्या खुलाइएको छैन । नेपालको स्वास्थ्य क्षेत्रको विकास र सुदृढीकरणमा बेलायत सरकारको योगदान लामो समयदेखि रहँदै आएको छ । आगामी दिनमासमेत स्वास्थ्य क्षेत्रको निरन्तर सुदृढीकरण र आधुनिकीकरणमा बेलायतले सहयोग गर्ने देखिन्छ । जुन कुरा सोमबार हस्ताक्षर भएको समझदारीपत्रमै उल्लेख पनि छ ।

नेपाल अहिले पनि कैयौं नर्सहरू बेरोजगार बसिरहेका छन् । रोजगारीमा रहेकाहरू पनि निकै न्यून पारिश्रमिकमा काम गरिरहेका छन् । यसले गर्दा बेलायत जान पाउने नर्सलाई राहत अवश्य हुनेछ ।

तर, दुःखको कुरा दक्ष जनशक्तिलाई स्वदेशमै रोजगारीको व्यवस्था नहुँदा विदेशिनुपर्ने अवस्था आयो । र, यसरी कुनै देशले शून्य लागतमा लैजाँदा खुसी मान्नुपर्ने अवस्था छ । यसलाई अन्त्य गर्न स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ । चाहे त्यो प्राविधिक जनशक्ति होस् या अप्राविधिक । स्वदेशमै पर्याप्त र उपयुक्त रोजगारी पाउनुजस्तो खुसी र गर्वको कुरा के हुनसक्छ ? तर, यहाँ रोजगारीका लागि भौतारिनुपर्ने अवस्था छ । रोजगारीमा रहेकाहरूले पनि श्रमशोषणको पीडा भोगिरहनुपरेको छ । अनि त, बाध्यता, सपना र अन्तिम विकल्प बन्छ-विदेश ।

मान्न सकिन्छ, कुनै पनि श्रमका लागि विदेश पुगेका हाम्रा दाजुभाइ, दिदीबहिनीले पठाएको रेमिटचान्सले देशको अर्थतन्त्रमा राम्रै योगदान गरेको होला । तर, सधैं यसरी रेमिटचान्सको भर मात्र पर्नुभन्दा स्वदेशमै रोजगार सिर्जन गर्न सके सबैभन्दा उत्तम हुने थियो । स्वदेशमै रोजगारी हुँदा परिवार र आफन्त छोडेर बिरानो मुलुकमा रगत, पसिना बगाउनुपर्थेन । आफ्नो श्रम र सीपलाई स्वदेशकै उत्पादनमा खर्च गर्न पाउँथे । देशको नेतृत्वमा हुनेहरूले यस विषयमा अब ध्यान दिनुपर्छ ।

खैर, यो दीर्घकालीन समाधानको कुरा हो । अहिलेलाई कमसेकम केही सीमित संख्यामा भए पनि नेपाली नर्सले बेलायमा रोजगारीको अवसर पाउने भएका छन् । बरू यसलाई पारदर्शी बनाउन सम्बन्धित निकायले बेलैमा ध्यान देओस् ।

## मनन्योग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१. सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनुदिनुको सम्झौता गर्नु ।
२. विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।
३. यान - शत्ररलाई आक्रमण गर्नु ।
४. आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।
५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

क्रमशः

# ‘समाजवादीहरूको उद्धरण रटेर समाजवाद आउँदैन’

▶▶ डा. विजयप्रसाद मिश्र

नेपालका समाजवादी चिन्तकको खोजी गर्दा बिपी कोइराला र प्रदीप गिरिको नाम मुख्यरूपमा आउँछ । तर, प्रदीप गिरिले बिपीको समाजवादमा के भन्नुभयो ? एसियाली समाजवाद संगठनको जन्मदाता जयप्रकाश नारायण र लोहियाको समाजवादका बारेमा के भन्नुभयो ? गान्धीका बारेमा के भन्नुभयो ? यी सबैबाट पाएको निष्कर्षलाई गिरिले कसरी अनुशरण गरिरहेका थिए ? र, अब नेपालले समाजवादको ढाँचा कस्तो भन्नुभयो ? यसमा बहस चलाउनुपर्ने भएको छ ।

गिरिले आफू समाजवादलाई स्थापित गर्न राजनीतिमा आएको बताउनुभएको थियो । उहाँले समाजवादलाई व्यावहारिक प्रयोगमा ल्याउन आश्रमसमेत खोल्नुभयो । गान्धी, लोहिया र जयप्रकाश नारायणको प्रभावमा परेर आश्रम खोल्न अग्रसर भएको धेरैपटक गिरि स्वयंले बताइसक्नुभएको छ ।

गिरिमा समाजवादको भोक जगाउने काम बिपी कोइराला, जयप्रकाश नारायण र लोहियाले गर्नुभएको थियो । गिरि भन्ने गर्नुहुन्थ्यो, ‘समाजवादको प्रचारप्रसार गर्नका लागि सन् १९५० मा बेलायतमा सोसियल इन्टरनेसनल स्थापना गरिएको थियो । यसमा विश्वका सोसियल डेमोक्रेटिक पार्टीहरू, प्रजातान्त्रिक पार्टीहरू सामेल हुँदै गएका थिए ।’ यसले ३ जुन १९५१ मा आफ्नो सम्मेलन गरेर एउटा घोषणापत्र जारी गरेको थियो । अहिले सोसियल इन्टरनेसनलमा विश्वका झण्डै १५० पार्टी सदस्य छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा यस सोसियल इन्टरनेसनलका उपाध्यक्षहरूमध्ये हुनुहुन्छ ।

सिंगो एसियामा समाजवादलाई कार्यान्वयन गर्ने ढाँचाहरूको तयारी हुने क्रम थियो । भारतमा गान्धीले अंग्रेज गएर हुँदैन, उनीहरूको पद्दतिमा जानुपर्दछ भन्नुभएको थियो । भारतमा लोहिया र जयप्रकाश एकातिर र गान्धी अर्कोतिर हुनुहुन्थ्यो । बिपी कोइराला र गिरि भन्नुभयो, ‘सुरुआती अवस्थामा लोहिया र जयप्रकाश नारायणतर्फ ढल्कनुभएको थियो । भारतमा कांग्रेस सोसियल पार्टीको गठन भयो । भारतको कांग्रेस सोसियल पार्टीमा बिपी कोइराला सामेल हुनुभयो । बिपी कोइरालाले आफ्नो डायरीमा किटेर लेख्नुभएको छ, ‘म सबैभन्दा ज्यादा सम्मान आचार्य नरेन्द्रदेवलाई गर्दछु । जयप्रकाश पनि मेरो मित्र हो ।’

आचार्य नरेन्द्रदेव मार्क्सवादी हुनुहुन्थ्यो । जयप्रकाशसमेत आफूलाई मार्क्सवादी भन्नुहुन्थ्यो । त्यसैको प्रभावमा बिपीले आखिरी दिनसम्म ‘म मार्क्सवादी हो’ भनिराख्नुभयो । बिपीको भनाइ थियो ‘म मार्क्सलाई त मान्दछु तर लेलिनलाई मान्दिन । लेलिन थोरबहुत ठिकै थियो होला तर स्टालिनलाई त मान्दै मान्दिन ।’ बिपीको यस तर्कमा प्रदीप गिरि सत्प्रतिशत सहमत हुनुहुन्थेन ।

गान्धीको मृत्युपछि जयप्रकाश नारायण सोह्रै आना गान्धीवादी हुनुभयो । गान्धीजीको जीवनकालभरि उहाँले गान्धीको विरोध गर्नुभयो । तिम्रो बाटो ठीक छैन भन्नुभयो । तर, के भयो भगवान् जाने । पछि उहाँले भन्न थाल्नुभयो, ‘गान्धीजीको बाटो नै ठीक हो । राजनीतिमा हिंसा हुन्छ । हत्या हुन्छ । बैर हुन्छ । झगडा हुन्छ । यसमा लाग्नु हुँदैन । घृणा गर्नु हुँदैन, प्रेम गर्नु पर्दछ ।’

जयप्रकाशले म सत्ताको राजनीति गर्दिनँ भन्नुभयो । उहाँले सत्ताको मात्र होइन, म दलको राजनीति पनि गर्दिनँ भन्नुभयो । उहाँले सन् १९५४ मा आफूले स्थापना गरेको पार्टीबाट, जुन पार्टीको उहाँ सर्वोच्च नेता बन्नुभयो, त्यसको सदस्यबाटसमेत राजीनामा गर्नुभयो । यी सबै कुरा नजिकबाट बुझेका गिरिले पनि सत्ताको राजनीति नगर्ने संकल्प गर्नुभयो । उहाँले राजनीतिमा हिंसा हत्या हुन्छ यसमा बैर गर्नु हुँदैन भनेर नेपालमा १० वर्षे जनयुद्ध गरेका माओवादीहरूसँग कहिल्यै वैरभाव राख्नु भएन । जयप्रकाशले जसरी गान्धीको समर्थन गर्नुभयो, गिरिले पनि त्यसैगरी नेपालमा गान्धीको प्रशंसामा दर्जनौं लेख लेख्नुभयो र त्यत्तिकै मात्रामा गोष्ठी, छलफलहरू चलाउनुभयो ।

जयप्रकाश नारायणले पार्टीको पद त्याग गर्दा बिपी कोइराला नेपालमा गृहमन्त्री पदबाट राजीनामा गर्नुभएको थियो । कोइराला पार्टी निर्माणको काममा लाग्नुभएको थियो । जयप्रकाश नारायणको दल त्यागलाई कोइरालाले उपहासको दृष्टिकोणले हेर्नुभएको थियो । सिंगो कोइराला परिवारले दल त्याग वा पद छोड्ने कुरालाई अहिले पनि उपहासकै रूपमा लिन्छ । बिपीले उपहास गरेको कुरा त भोला चटर्जीलाई लेखेको चिठ्ठीमा पाइन्छ । तर, प्रदीप गिरिले यस मामलामा बिपीलाई नपछ्याएर जयप्रकाश नारायणलाई पछ्याउनुभएको थियो । गिरिले

मन्त्री, प्रधानमन्त्री या राष्ट्रपतिको पदका लागि कहिल्यै चाहना गर्नुभएन । बिपीले राष्ट्रियताको मामिलामा राजा र मेरो घाँटी एकसाथ छ भनेर राष्ट्रिय मेलमिलाप नीति लिएको गिरिलाई मन परेको थिएन । त्यसैले गिरिले बिपीको १० वटा सबल पक्षको कुरा गर्दा कतै न कतैबाट एउटा दुर्बलपक्ष घुसाइहाल्ने गर्नुहुन्थ्यो ।

उमेर छिप्पिँदै गएपछि जयप्रकाश नारायण जनताबाट पनि सिक्नुपर्ने कुरा धेरै छ भन्दै जनताको समीपमा गएर आश्रमसमेत खोल्नुभएको थियो । जुन आश्रममा जयप्रकाशकै निमन्त्रणामा गिरि र शैलजा आचार्यसँगै जानुभएको थियो । त्यसबेला गिरि र शैलजालाई लिनका लागि हात्ती पठाइदिने कुरा थियो । तर, हात्ती नआएपछि दुवैजना एउटा नदी तरेर जानुपरेको थियो । नदी तर्ने क्रममा शैलजाको चप्पल टुटेकाले उक्त चप्पल गिरिले बोकेर लगिदिएको प्रसंग गिरिले आश्रममै रोमान्टिक पाराले सुनाउनुभएको थियो । यसले यी दुई बीचको मित्रतासमेत राधा र कृष्णको जस्तै रहको


अप्ठ्यारो परिस्थितिमा नेपालबाट निस्किनु भएको थियो । विकट परिस्थितिको सामना गरिरहेका बिपी र भारतीय समाजवादीका निम्ति सिद्धान्त गौण भएर गएको थियो । जयप्रकाश कट्टर गान्धीवादी भइसक्नुभएको थियो । लोहियाको मृत्यु भइसकेको थियो ।

त्योभन्दा पनि ठूलो कुरा विश्वको परिवेश बदलिएको थियो । बिपीले पढेको जमानाको लेखेको जमानाको विश्व थिएन । त्यसपछि अगाडि के गर्ने भन्ने प्रश्न एसियाको अगाडि आएको थियो । बिपी कोइराला एसियाली समाजवादी आन्दोलनमा सहभागी हुनुभयो । उहाँको बौद्धिक विलक्षणता, उहाँको तारुण्य, उहाँको बलिदान गर्ने क्षमता, उहाँको साहसिकताले नेपाल बाहिरका मानिसलाई पनि मन्त्रमुग्ध गरेर राखेको थियो ।

एक सय वर्षपछि १९६९ मा गान्धीको जन्म शताब्दी बनारसमा मनाइयो । बिपी कोइरालाका अग्रज मित्र जयप्रकाश नारायणले गान्धी विद्या संस्थान स्थापित गर्नुभएको थियो । गान्धी

छ’ भन्ने पत्ता लगाउनुभएको थियो । प्रदीप गिरिलेसमेत पछिल्लो चरणमा आश्रमको माध्यमबाट छिमेकी गाउँहरू घुमेर उनीहरूको आवश्यकता र केन्द्रबाट सरकारले थोपरेको विकासका मोडलहरूमा धेरै फरक देख्नुभयो । यो फरक नहटाएसम्म विकास सम्भव छैन भन्ने उहाँलाई लाग्यो । संसद्मा यस विषयमा अर्थमन्त्रीहरूको योजना बनाउने योग्यतामा उहाँले प्रश्न उठाउनुभयो । उता सुरुमा गान्धी केही पनि होइनन् भन्ने बिपी कोइराला अन्तिमतिर आएर ‘मनुष्य नै सब कुछ हुन, विकास भनेको राजनीतिक प्रक्रिया हो’ भन्न थाल्नुभयो । कोइरालाले मानिसलाई विकासमा सामिल नगर्दासम्म विकास हुँदैन भन्न थाल्नुभयो । यसलाई गिरिले मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो ।

गिरिको तर्कमा बिपीले समाजवादका बुँदाबुँदालाई व्याख्या गरेको पाइँदैन । गिरिले एउटा परिवारमा के-के चाहिन्छ भनेर मात्र समाजवादको पूर्ण व्याख्या हुँदैन भन्नुभयो । तर,



> प्रदीप गिरिले नेपालमा एकै किसिमको समाजवाद लागू गरे असफल हुन्छ भन्नुभएको थियो । उहाँ मधेसमा एक किसिमको हिमाली क्षेत्रमा एक किसिमको, कर्णालीमा एक किसिमको र उपत्यकामा अर्को किसिमको समाजवादका ढाँचाहरु लागू गर्नुपर्दछ भन्नुहुन्थ्यो । अब बिपी कोइराला र प्रदीप गिरिका अनुयायीहरूले दुवै दार्शनिकहरूको विचारलाई ‘फ्युजन’ गरी नेपाली समाजवादको नयाँ ढाँचा तयार गर्नुपर्दछ । यसमा भुइँमान्छेको आवश्यकता र चाहनालाई प्राथमिकता दिनुपर्दछ । यसो गरियो भने बिपी कोइराला र प्रदीप गिरिप्रति न्याय गरिएको ठहरिनेछ ।

सुन्नेहरूले अनुभूति गर्दथे । यही सिकाइले नै प्रदीप गिरिले पनि आश्रम खोलेर गाउँलेहरूसँग सम्पर्क बढाउनुभएको थियो ।

एसियाका समाजवादीहरूले एउटा एसियाली समाजवादी संगठन खोल्नुपर्दछ भनेर सोच राखेका थिए । त्यस सिलसिलामा बिपीले नेपाली क्रान्तिको तयारी गर्दा जयप्रकाश र लोहियाले कोइरालालाई एकपटक बर्मा पुगेर आउन अनुरोध गर्नुभयो । बिपी पहिले बर्मा जानुभयो । भारतीय समाजवादी पार्टीको अर्थात् जयप्रकाश लोहियाको दूत बनेर जानुभयो । त्यसरी दूत बनेर जाँदा कोइरालाको बर्माका समाजवादीहरूसँग परिचय भयो । दूत बन्नुको तात्पर्य के थियो भने बिपी नेपालका नेता हुनुहुन्थ्यो । त्यहाँ कार्यक्रम थियो- एसियाली समाजवादी सम्मेलन गर्ने ।

त्यही निउँ पारेर बिपीले ‘हामी नेपालमा क्रान्ति गर्न खोज्दै छौं, भोलि भैपरी आउँदा तपाइँहरूले के गर्नुहुन्छ ?’ भन्ने प्रश्न गर्नुभयो । त्यतिबेला बर्मामा बर्मेली जनताको सरकार बनिसकेको थियो । यस घटनाले लोहिया, जयप्रकाश र बिपी एक साथ नेपाल र भारतमा समाजवाद ल्याउन चाहनुहुन्थ्यो भन्ने प्रमाणित हुन्छ । राजसंस्थाको दबदबा बढी भएको तथा भारतको जवाहरलाल नेहरू र इन्दिरा गान्धीको सरकारले बिपी कोइराला लोहिया र जप्रकाशसँग मिलेको देखेर नेपालका राजा महेन्द्रलाई उकासेर दिनसम्म दुःख दिए ।

एसियामा नयाँ किसिमले समाजवादको जग बसिरहेको बेला नेपालका समाजवादी नेता बिपी कोइराला आफ्नो सत्ता संघर्षमा व्यस्त हुनुहुन्थ्यो । मौलिक कुरा सोच्ने उहाँलाई फुर्सद भएन र भन्न थाल्नुभयो, पहिले प्रजातन्त्र ल्याउँ त्यसपछि समाजवाद ल्याउँला । यता नेपालमा प्रजातन्त्र आयो उता भारतमा समाजवादी आन्दोलन छिन्नभिन्न भयो । भारतको सोसियल पार्टी दुई भागमा बाँडियो । एउटा बन्यो प्रजा सोसलिस्ट पार्टी जसमा जयप्रकाश नारायण थिए । अर्को बन्यो लोहियाले नेतृत्व गरेको सोसलिस्ट पार्टी ।

दुवैको झगडा देखेर बिपी कोइरालासमेत खिन्न हुनुभयो । बिपीको सहानुभूति जयप्रकाश नारायणतिर थियो र लोहियाको विरोधी अशोक मेहतालाई साथ दिनुभयो । यसबाट बिपी लोहिया विरोधी देखिनुभयो । यता बिपी जेल पर्नुभयो । झण्डै आठ वर्ष जेल बसेर बिपी बाहिर निस्कँदा भारतमा समाजवादी आन्दोलन कहीँ थिएन । जयप्रकाश नारायण थिए तर उहाँ राजनीतिबाट टाढिसक्नुभएको थियो । स्वयं बिपी अत्यन्त

विद्या संस्थानको त्यस परिसरमा बिपीले २ अक्टोबर १९६९ मा गान्धीका बारेमा भाषण दिँदै भन्नुभएको थियो, ‘तेस्रो विश्वको विकासका बारेमा गान्धीको कुनै उपयोगिता छैन । खास गरेर नेपालजस्तो तानाशाही मुलुकमा गान्धीको कुनै प्रासंगिकता छैन ।’ बिपीले सोही भाषणमा भन्नुभएको थियो, ‘हतियार बन्द क्रान्तिले मात्रै राजालाई शिक्षा दिन सक्छ ।’ बिपीको यही विचारसँगै नेपाली कांग्रेस सशस्त्र आन्दोलनमा गएको थियो जुन प्रदीप गिरिले मन पराउनुभएको थिएन । गिरिले एक प्रसंगमा भन्नुभएको थियो, ‘ जब कांग्रेस सशस्त्र आन्दोलनमा जान लागेपछि दिक्क लागेर म स्वामी विवेकानन्दको आश्रमतर्फ लागें ।’ गिरि र बिपी कोइरालाबीच यहाँ पनि विमति भएको थियो ।

त्यसैले बिपीले आफ्नो समाजवादको चिन्तनलाई प्रयोगमा ल्याउन पाउनुभएन । प्रदीप गिरिले पनि मौका पाउनु भएन । लोहिया र जयप्रकाशको अनुयायी भएकाले गिरिलाई भारतको सत्तापक्षले कहिल्यै सहयोग गरेन र त्यसको आडमा गिरिजाप्रसाद कोइरालाले समेत राजनीतिबाट लखेट्ने प्रयास गरी नै रहनुभयो । गिरिले आफ्नो राजनीतिक भविष्य सुरक्षित गर्नमा नै धेरै वर्ष खेर फाल्नुपऱ्यो । पछिल्लो समय नेपाली कांग्रेसमा शेरबहादुर देउवा पार्टी अध्यक्ष र प्रधानमन्त्री भएपछि गिरिले अलिकति राजनीतिमा इच्छाअनुसार तंग्रिने अवसर पाउनुभएको हो । तर, त्यसबेलासम्म समय कम बाँकी रहेको थियो । राम्रो काम गर्नेलाई दैवले छिट्टै चुँडेर लान्छ भन्नुभए जस्तै यही भदौ ४ गते शनिबार राति ९ बजेर ३६ मिनेटमा उहाँको आत्माले शरीर त्याग्यो । उहाँको आत्मा अमर छ । गिरिका अनुयायीहरूले उहाँको नाममा प्रदीप गिरि इन्स्टिच्युट खोलेर समाजवादको नेपाल सुहाउँदो ढाँचा बनाउने र गिरिले दिन खोजेको समाजवादको विचारलाई व्यवहारमा लागू गराउने प्रयत्न गर्नुपर्दछ ।

नेपालमा केही यस्ता व्यक्ति पनि छन्, जसले अंग्रेजीका दुई चार सैद्धान्तिक पुस्तक पढेको भरमा आफूलाई राजनीतिक पण्डित ठान्दछन् । तर, उनीहरूले त्यो पुस्तकको राजनीतिलाई व्यवहारमा उतार्न सकेका हुँदैनन् । जबसम्म जनताले सिद्धान्तलाई व्यवहारमा स्वीकार गर्दैनन्, तबसम्म त्यो असफल नै हुन्छ भन्ने प्रदीप गिरिले भन्ने गर्नुहुन्थ्यो ।

लोहिया र जयप्रकाशले गाउँ घुमेर ‘राज्यले बनाएको विकासको मोडल एकातिर छ, नागरिकको आवश्यकता अर्कोतिर भइरहेको

बिपीले जे जति सोच दिनुभएको थियो, त्यसलाई आधार मानेर अहिले नयाँ परिवेशअनुसार त्यसमा रूपान्तरण गर्दै अनुशरण गर्नुपर्ने कुरा प्रदीप गिरिले जोड दिनुभएको थियो । उहाँकै शैलीमा डा.शेखर कोइराला, स्वयं नेपाली कांग्रेसका पार्टी अध्यक्ष शेरबहादुर देउवाले समेत बेलाबखत यो विषय उठाउने गर्नुभएको छ ।

प्रदीप गिरिले दिएका प्रत्येक भाषण र लेखहरूमा समाजवादको ढाँचामा राख्नुपर्ने केही न केही वाक्यहरू छन् । यसलाई एकीकृत गरेर एउटा सिंगो ढाँचा बनाउन सकिन्छ । हिम्मत गरेर भन्नुपर्दा प्रदीप गिरिले अनौपचारिक छलफलमा हामीलाई भनेजस्तै ‘गान्धीको उद्धरण दोहोऱ्याएर, बिपीको उद्धरण दोहोऱ्याएर हामी कहीँ पुग्दैनौं ।’ अब पनि कांग्रेसका दस्तावेजमा दूध बाँड्ने कुरा लेखेर युवा पुस्तालाई रटाइरहनु हुन्न । हामी आत्माबाट बोल्दैनौं । हामी सोचेको कुरा बोल्दैनौं । हामी थोत्रा साक्षीहरू पल्टाउँछौं । साँच्चै भन्ने हो भने हिन्दू पण्डितले ‘यत्रम् तत्रम्’ भनेजस्तै हाम्रो राजनीति चलिरहेको छ । ‘समाजवादीको उद्धरण रटेर समाजवाद आउनै सक्दैन’ यो भनाइ प्रदीप गिरिको हो ।

गिरिले दुई वर्षअघि बस्तीपुर आश्रममा लेखकलाई भन्नुभएको थियो, ‘जसरी भारतमा इन्दिरा गान्धीका विरुद्ध गरिने आन्दोलनको नेतृत्व गर्न जयप्रकाश नारायणलाई भनियो र उहाँ तयार पनि हुनुभयो । त्यसैगरी म पनि सत्तामा नजाने सर्तमा आवश्यक परे नयाँ आन्दोलनको नेतृत्व लिन तयार छु ।’ राजनीति छोडेर आश्रम बसेका जयप्रकाश जसरी आन्दोलनको नेतृत्व गर्न अग्रसर भए, त्यस्तै अनुशरण गरेर प्रयोग गर्नका लागि गिरि इच्छुक हुनुहुन्थ्यो ।

अहिले गिरि त हुनुहुन्न तर उहाँका अनुयायीहरूले नेपाली माटो सुहाउँदो समाजवादका लागि एकपटक आन्दोलन गर्न आवश्यक छ । गिरिले नेपालमा एकै किसिमको समाजवाद लागू गरे असफल हुन्छ भन्नुभएको थियो । उहाँ मधेसमा एक किसिमको हिमाली क्षेत्रमा एक किसिमको, कर्णालीमा एक किसिमको र उपत्यकामा अर्को किसिमको समाजवादका ढाँचाहरू लागू गर्नुपर्दछ भन्नुहुन्थ्यो । अब बिपी कोइराला र प्रदीप गिरिका अनुयायीहरूले दुवै दार्शनिकहरूको विचारलाई ‘फ्युजन’ गरी नेपाली समाजवादको नयाँ ढाँचा तयार गर्नुपर्दछ । यसमा भुइँमान्छेको आवश्यकता र चाहनालाई प्राथमिकता दिनुपर्दछ । यसो गरियो भने बिपी कोइराला र प्रदीप गिरिप्रति न्याय गरिएको ठहरिनेछ । जय प्रदीपवाद । *रासस*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । सं.

# दोधारा-चाँदनीः 'उहिले विकट, अहिले समृद्ध'

■ शेरबहादुर सिंह

**महेन्द्रनगर–** दोधारा चादँनीका उपप्रमुख गंगादेवी जोशीको परिवार २०२७ सालमा जाजरकोटबाट बसाइँ सरी कञ्चनपुरको दोधारा-चादँनी आयो । कञ्चनपुरको भौगोलिक रूपले विकट महाकाली नदी पारिको दोधारा चादँनीमा जोशी परिवारले त्यो बेला अभावै अभाव झेल्नु पर्‍यो ।

'वन्यजन्तुको त्रासदेखि सदरमुकाम महेन्द्रनगर पुग्नको कठिनाइ विगतमा थिए', उनले भने, 'अहिलेको विकास हेर्दा सपना जस्तै लाग्छ ।' कञ्चनपुरको टापुका रूपमा चिनिएको दोधारा चादँनीमा २०२२ सालको सेरोफेरोमा बसोबास थालिए पनि महाकाली नदीमा झोलुंगे पुल बनेपछि मात्रै सुखका दिन आएको जोशी बताउँछन् ।

'२०५८ सालमा तत्कालीन जनप्रतिनिधिको विशेष पहलमा दोधारा चादँनी जोड्ने झोलुंगे पुल बनेपछि हामी सदरमुकाम र मूलधारसित जोडिएका हौँ ।' उनले भने, 'त्यसअघिका दोधारा चादँनीवासीको पीडा अहिले शब्दले व्यक्त गर्न सकिँदैन ।'

झोलुंगे पुल बन्नुअघि हिउँदमा घण्टौँ बगरमा हिँडेर महेन्द्रनगर लगायतका ठाउँमा आवातजावत गर्नुपरेको थियो । 'वर्सातमा स्याउले हुँदै भारतको वनबासाको पुल भएर नेपाल आउनुपर्ने बाध्यता थियो', जोशीले भने, 'वनबासा पुल पुग्नुअघि चोरी डकैतीका साथै जंगलमा जनावरको त्रास हुन्थ्यो ।'

महाकाली नदीमा झोलुंगे पुल बनेपछि ढुंगा र भारतीय भूमिबाट ओहोरदोहोर गर्नुपर्ने बाध्यता हटेको छ । दोधारा चादँनीवासी अहिले ठूला सवारीसाधन लिएर निर्माणाधीन चार लेनको पक्की पुलबाट सहज रूपमा आवतजावत गरिरहेका छन् । 'त्यो बेला यहाँ वन फाडेर खेतीपाती गर्नुपर्ने तर खाद्यान्न लिन भारतकै भर पर्नुपर्ने बाध्यता थियो ।' दोधारा चादँनी नगरपालिका-१ का राजेन्द्र चन्दले भने, 'न यहाँ एम्बुलेन्स थिए, न त डाक्टर नै ।'

सडक, स्वास्थ्य र शिक्षाको पहुँचबाट टाढा रहेको यहाँ २०५० साल अघि स्थानीयले धेरै समस्यासित जुध्नु परेको थियो । 'अहिले त स्याउलेदेखि कुतियाकवरसम्म पक्की सडकदेखि हरेक खोला नालामा पक्की पुल बनिसके ।' चन्दले भने, 'सुख्खा बन्दरगाह र चार लेनको पक्की पुलले दोधारा चादँनी आर्थिक समृद्धिको हब भइसक्यो ।'

झोलुंगे पुल बनेपछि दुःख, कष्ट नै हराएको चन्द बताउँछन् । उनले भने, 'चार लेनको पक्की पुल र सुक्खा बन्दगाहले सुदूरपश्चिमकै आर्थिक विकासमा टेवा पुग्ने छ ।' केही वर्षअघि भारतीय रूपैयाँको कारोबार हुने दोधारा चादँनीमा अहिले त्यो विस्थापित भइसकेको छ ।

'यहाँ विकासका ठूला आयोजना आउँदा जग्गाको कारोबारसमेत ह्वात्तै बढेको छ ।' उनले भने, 'अब दोधारा चादँनी विकट होइन, जिल्लाकै आर्थिक गतिविधिको मुख्य स्थान बन्नेमा हामी आशावादी छौँ ।' २६ हजारभन्दा बढी मतदाता रहेको दोधारा चादँनी कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ मा पर्छ । दोधारा चादँनी नगरपालिका बन्नुअघि यहाँ दुईवटा गाविस थिए ।

सरकारले नै वन फँडानी गरेर बस्ती बसाउन थालेपछि २०२२ सालयता विभिन्न व्यवसाय तथा रोजगारीका लागि भारत जानेहरू त्यो बेला यहाँ बस्न थालेका हुन् । महाकाली नदीमा आउने बाढी नियन्त्रणका लागि वर्षौंअघि यहाँ नदी क्षेत्रको २२ किलोमिटर तटबन्ध निर्माण भएको थियो । पछिल्ला वर्षहरूमा बाढीले कटान गर्दै बस्ती बस्ने खतरा बढ्न थालेपछि यहाँ तटबन्ध निर्माणमा जोड दिइएको छ । *रासस*

## बिमालेख हरायो

मिति २०७९/०३/१६ गते, दोलखाबाट काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : विपिन रिमाल
बिमालेख नं : ०११००००२५५
(गुराँस लाईफ इन्स्योरेन्स)
ठेगानाः वैत्यश्वर गा.पा. वडा नं. ७, दोलखा
सम्पर्क नं : ०१-५१९९३१०

## भूल-सुधार गरिएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ११७ भदौ ०३ गते २०७९ मा प्रकाशित भएको **RISING RECRUITMENT PVT. LTD.** को Lot No.**234488** को KAMI SECURITY SERVICES SDN. BHD. को विज्ञापन भदौ ०७ गते २०७९ मा प्रकाशित हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराईन्छ ।

**Rising Recruitment Pvt.Ltd.**
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## भूल-सुधार गरिएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक १२१ भदौ ०७ गते २०७९ मा प्रकाशित भएको **PIGEON INTERNATIONAL OVERSEAS PVT. LTD.** को Lot No.**269999** को Eastern Trading Manintenance & Contracting को शीर्षकमा कतारमा वैदेशिक रोजगारको अवसर हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराईन्छ ।

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JACKSPEED LEATHER SPECIAL MAN. (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०६    LT. No.270072    चलानी नं. ६०१८५९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

कम्पनी : **INSPIWOOD FURNITURE SDN. BHD.**

पुर्व स्वीकृति मिति २०७९/०३/१४    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०७    LT. No.265973    चलानी नं. ६०१८२०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 30 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान र मितिः**
**सुनसरी -ईटहरी -(HOTEL KHUKURI) १५ भदौ २०७९/ 31st Aug. 2022 मा हुनेछ ।**
**झापा, बिर्तामोड -(HOTEL GRAND PACIFIC) १६ भदौ २०७९/1st Sep. 2022 मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PEAK STAR INTERNATIONAL SERVICES**

पूर्व स्वीकृति मिति : २०७९/०५/०७    LT. No.270026    चलानी नं. ६०१८५९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 2000 | ७०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३५,३४० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ७७,७५५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ८८,३४५ | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1400 | ४९,४७५ | | | | | | | |

कम्पनी : **PADRA MEDICAL CENTER**

पूर्व स्वीकृति मिति : २०७९/०५/०७    LT. No.270027    चलानी नं. ६०१८५९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 2 | 4200 | १४८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौंमा मितिः भदौ १५ (31st Aug 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**    श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सुनसरी, प्रदेश नं.१, नेपाल

## जनहितमा जारी जानकारीमूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।



**यसबाट बच्ने उपाय :**
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।

**२) चट्याङको समयमा सतर्क रहौं ।**



**चट्याङबाट बच्ने उपाय :**
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**
क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MEDIPLAS INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०५    LT. No. 269183    चलानी नं. ६०१८५८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 60 | 0 | 1500 | ४३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निः शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 269183 मितिः २०७९/०५/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Himalayan Valley Nepal Pvt.Ltd.**
श्रम ईजाजत नं. १५२६/०७४/०७५
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SLICE X RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/०४/२९    LT. No. 269423    चलानी नं. ६०१८५४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 0 | 1300 | ४५,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Maker | 2 | 0 | 1500 | ५३,००५ | | | | | | | |
| 3 | Kabab Maker | 1 | 0 | 1500 | ५३,००५ | | | | | | | |
| 4 | Pastries Maker | 2 | 0 | 1500 | ५३,००५ | | | | | | | |
| 5 | Waiter | 0 | 3 | 1400 | ४९,४७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य ला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**    Govt. License 966/067/68
Tinkune, Kathmandu, Nepal, Tel No: 014782040

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ASMAA COMPANY FOR MAINTENANCE AND CLEANING**

पूर्व स्वीकृति मिति : २०७८/११/२९    पुन विज्ञापन स्वीकृति मितिः २०७९/०५/०७    LT. No.259259    चलानी नं.६०१७५९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 1400 | ४७,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 3 | 0 | 1000 | ४७,९६० | | | | | | | |

कम्पनी : **JADDARAH RECRUITMENT COMPANY**

पूर्व स्वीकृति मिति : २०७८/१२/२४    LT. No.261291    चलानी नं.६०१८४८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 | 0 | 1000 | ३४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL JAZEERA SUPPORT SERVICES COMPANY-CLOSED JOINT STOCK BRANCH**

पूर्व स्वीकृति मिति : २०७८/१२/३०    LT. No.261531    चलानी नं.६०१७७९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 | 0 | 1000 | ३४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) तयारीका लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०८)**

**बागमती प्रदेश चितवन जिल्ला भरतपुर महानगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश, भरतपुर, चितवन |
| प्रस्तावको व्यहोरा | भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माण एउटा बेसमेन्टसहित ६ वटा तल्ला, Total Floor Area १४१५२.२०५ वर्गमिटर |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा नं. | चितवन/भरतपुर महानगरपालिका/वडा नं.१, २, ३ र १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मुल्यांकन (EIA) तयारीको लागि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रहरूको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न भरतपुर महानगरपालिका वडा नं.१, २, ३ र १० को कार्यालय तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, बागमती प्रदेश इमेलः info@bharatpurmun.gov.np फोन नं. + 977-056-520167 |
| परामर्शदाताको नाम र ठेगाना | ईगल्स सोलुसन्स प्रा. लि. अनामनगर, काठमाडौं, बागमती प्रदेश इमेल : info@eaglessolutions.com.np फोन नं.: 9841413310, 9847609968 |

# प्रभाव दैनिक


## रूपशाला

### २ नम्बरीको टाइटल गीत आह्वान

पछिल्लो समय फिल्म प्रचारका लागि निर्माता टिकटकदेखि गीत निर्माणसम्मको प्रतियोगिता आयोजना गर्न थालेका छन् । यस्तैमा केही अगाडि टिजर सार्वजनिक गरेको फिल्म '२ नम्बरी' ले शिर्ष (टाइटल) गीत प्रतियोगिताको आह्वान गरेको हो । फिल्मका लागि उत्कृष्ट शिर्ष गीत बनाउनेलाई ५० हजार रूपैयाँ पुरस्कार समेत राखिएको प्रस्तुतकर्ता किरण नेपालीले जानकारी दिए । प्रतियोगिताका लागि गीत रेकर्ड गराएर फिल्ममा समावेश गरिनेछ ।




बुधबार ८, भदौ २०७९ (Wednesday, Aug 24, 2022)


# सुनील र अनुको रोमान्समा मायाले बाँधेर...



**काठमाडौं (प्रस)**– समिप इन्टरटेनमेन्ट प्रा.लि.ले नयाँ गीत 'मायाले बाँधेर त हेर' नामको गीत बजारमा ल्याएको छ । राजधानीमा मंगलबार आयोजित एक विशेष समारोहबीच कम्पनीले उक्त गीतको भिडियो सार्वजनिक गरेको हो । कम्पनीकी अध्यक्ष मीना बर्तौलाको अध्यक्षतामा सम्पन्न म्युजिक भिडियो सार्वजनिक कार्यक्रम बरिष्ठ संगीतकार राजु सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

उक्त अवसरमा प्रमुख अतिथि सिंहले समिप इन्टरटेनमेन्टको पहिलो प्रस्तुति ' मायाले बाँधेर त हेर' लाई विशेष शुभकामना दिँदै सांगीतिक क्षेत्रमा प्रवेश गरेकोमा कम्पनीकी अध्यक्ष बर्तौलालाई शुभकामना र धन्यवाद समेत ज्ञापन गरेका थिए । 'नेपाली सांगीतिक क्षेत्रमा उत्कृष्ट सिर्जनाका साथ प्रवेश गरेको कम्पनीले संख्यात्मक भन्दा गुणात्मक सांगीतिक सिर्जनाहरू प्रस्तुति गरोस्,' सिंहले भने । सिंहले भिडियोमा अभिनय गरेका सुनिल र अनुको जोडी ज्यादै सुहाएको बताउँदै आगामी दिनमा पनि यस्तै उत्कृष्ट गीतहरूमा यो जोडीलाई देख्न पाइनेमा आशावादी रहेको समेत उल्लेख गरे ।

त्यसै उक्त कार्यक्रममा विशेष अतिथिका रूपमा बरिष्ठ गायक एवं संगीतकार यम बराल, संगीत व्यवसायी ईश्वर गुरुङ रहेका थिए । कार्यक्रममा बोल्दै गायक एवं संगीतकार बरालले गीतको भिडियो निकै उत्कृष्ट बनेको बताउँदै अनु र सुनिलको जोडी ज्यादै जमेको समेत बताए ।

कार्यक्रममा संगीत व्यवसायी गुरुङले आफ्नो लामो अनुभवमा पहिले भन्दा पछिल्ला दिनमा सांगीतिक क्षेत्रमा होमिएका व्यवसायीलाई केही हदसम्म भए पनि सजिलो भएको अनुभव आफूले गरेको बताए । तर नयाँ व्यवसायीहरूले सिर्जनाको उत्कृष्टतासँगै प्रविधिलाई पनि भरपूर उपयोग गर्नुपर्नेमा जोड दिए । 'सिर्जना राम्रो मात्रै भएर पनि हुँदैन, त्यसको प्रस्तुतीकरण र बजारीकरणलाई पनि व्यवसायीले ध्यान दिनुपर्छ,' गुरुङले भने ।

नेक्सन लोहनी र प्रविशा अधिकारीको स्वरमा रहेको 'मायाले बाँधेर त हेर' गीतमा सुनिल न्यौपाने, अनु शाह र बालकलाकारका रूपमा समिप न्यौपानेले अभिनय गरेका छन् । सुन्दर नगरी पोखरा आसपासमा म्युजिक भिडियोको छायांकन गरिएको निर्देशक दिलीप समनले जनाए । समनकै शब्द र संगीतमा रहेको उक्त गीतको एरेन्ज र मिक्सिङ शैलेन्द्र प्रधानले गरेका थिए । इशा शाह ठकुरीले कोरियोग्राफी गरेको म्युजिक भिडियोको निर्मात्रीका रूपमा मिना बर्तौला रहेकी छिन् ।

उक्त अवसरमा गायिका अधिकारी र मोडल शाहले गीत तयारीका अवसरमा भोगेका अनुभवहरू पनि शेयर गरेका थिए ।

कार्यक्रमको अन्त्यमा अध्यक्षता गरिरहेकी बर्तौलाले सांगीतिक क्षेत्रमा पहिलो पाइला चालेको बताउँदै आगामी दिनमा छुट्टै पहिचान बनाउँदै व्यावसायिक रूपमा भन्दा पनि कला र संगीतकर्मीहरूलाई केही राहात मिलोस् भन्ने आफ्नो योजना रहेको बताइन् । साथै बर्तौलाले आफ्नो कम्पनीमार्फत् बजारमा आएका सांगीतिक कोसेलीहरूको आम्दानीको केही भाग समाज सेवामा खर्चिने पनि प्रण गरिन् ।

समिप इन्टरटेनमेन्टको अफिसियल युट्युब च्यानलमार्फत् बजारमा ल्याएको बताउँदै बर्तौलाले समस्त दर्शक एवं स्रोताहरूको माया पाउने विश्वास लिएको समेत बताइन् ।

# पल शाहको मुद्दामा पेसी तोकियो

**तनहुँ (प्रस)**– बलात्कारको अभियोगमा थुनामा रहेका अभिनेता पल शाहको जबरजस्ती करणी विरुद्धको मुद्दाको पेसी तोकिएको छ। नवलपुर जिल्ला अदालतले ८ भदौ (आज) का लागि तथा तनहुँ जिल्ला अदालतले १५ भदौका गतेका लागि पेशी तोकेको हो ।

बलात्कारको अभियोगमा पुर्पक्षका लागि तनहुँ कारागारमा रहेका पलको मुद्दाको पेसी तोकिएको शाहको पक्षवाट वकालत गरिरहेका वरिष्ठ अधिवक्ता कमलमोहन वाग्लेले जानकारी दिए । उनका अनुसार पेशी तोकिएसँगै तनहुँ अदालतवाट अभिनेता शाहलाई बिना धरौटी छाड्ने, धरौटीमा छोड्ने वा थुनामै राख्ने भन्ने बारे फैसला आउन सक्नेछ । गत ११ फागुनमा नावालिक माथी पटक-पटक जबरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालय तनहुँमा उजुरी परेको थियो । त्यसको ४ दिन पछि अभिनेता शाहले १५ फागुनमा जिल्ला प्रहरी कार्यालय, तनहुँमा आत्मसमर्पण गरेका थिए । त्यसपछि शाह तनहुँ जिल्ला प्रहरी कार्यालयमा थुनामा छन् ।

अभिनेता शाहले आफू निर्दोष रहेको भन्दै थुना बाहिरबाटै मुद्दाको पुर्पक्ष गर्न पाउनुपर्ने माग राख्दै उच्च अदालत, पोखरामा निवेदन दिए पनि उच्च अदालतले भने उनको निवेदन अस्विकृत गरिदिएको थियो । दुवै जिल्ला अदालतले पेशी तोकिएसँग उक्त मुद्दामा थुनामा रहेका शाह जेलमुक्त भएर मुद्दा लडनेछन् वा थुनामा नै रहेर उक्त मुद्दा लड्नेछन्, त्यसको छिनोफानो अर्को साता हुनेछ ।

## अन्तर्राष्ट्रिय तेक्वान्दो

# एक हजार खेलाडी दर्ता

**पोखरा (प्रस)**– पोखरामा यही असोज ६ गतेदेखि ९ गतेसम्म माउण्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुँदै छ । हालसम्म १ हजार भन्दा बढी खेलाडीले नाम दर्ता गराइसकेका आयोजकले जनाएको छ । प्रतियोगितामा क्योरोगीतर्फ ८ सय ११ र पुम्सेतर्फ २ सय भन्दा बढीले आफ्नो नाम टिपाएका गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले जानकारी दिए ।

दक्षिण एशियामा नै पहिलो पटक उक्त प्रतियोगिता नेपालमा आयोजना गर्न लागिएको हो । प्रतियोगितामा १ दर्जनभन्दा बढी देशका खेलाडीले सहभागिको दर्ता गराइसकेको उनले बताए ।

'१ हजार ५ सय खेलाडी पोखरा आउने अपेक्षा गरेका छौं । यसले कोभिडका कारण समस्यामा रहेको पर्यटन क्षेत्रलाई उकास्न टेवा पुग्छ,' उनले भने, ' जतिसक्दो धेरै खेलाडी सहभागी गराउने प्रयास गरेका छौं ।'

प्रतियोगितामा विश्वभरीका खेलाडी, निर्णायक तथा प्रशिक्षक, सहभागी खेलाडीका परिवारका सदस्यहरू र तेक्वान्दो महासंघका विशिष्ट पदाधिकारीसहित २ हजार भन्दा बढीको उपस्थिति रहने बताइएको छ । सोही प्रतियोगिता यसअघि काठमाडौंमा आयोजना गरिएको थियो । कोभिडका कारण लगातार २ वर्ष प्रतियोगिता हुन सकेन ।

प्रतियोगितामा सिनियर र जुनियरतर्फको क्योरोगीतर्फ महिला र पुरुष गरी विभिन्न ८ वटा तौल समुहमा कुल १६ वटा तौलमा तथा पुम्सेतर्फ समेत १४ देखि ६० वर्ष भन्दा माथी एकल, जोडी र समुहमा प्रतिष्पर्धा हुने आयोजक समितिका सदस्य एवम् ओलम्पियन दिपक विष्टले जानकारी दिए । विश्व तेक्वान्दो महासंघले नेपालमा तेक्वान्दो खेलको विकासका साथै नेपाल र पोखराको खेल पर्यटन प्रवर्द्धन गर्न प्रतियोगिता स्विकृती प्रदान गरेको आयोजकले जनाएको छ । प्रतियोगिता पूरा गर्न २ करोड ५५ लाख खर्च लाग्ने अनुमान छ ।

# बैतडीमा क्रिकेट छनोटको मिति परिवर्तन

**बैतडी (प्रस)**– नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बैतडीमा जिल्लास्तरीय क्रिकेट छनोट प्रतियोगिताको मिति परिवर्तन गरिएको छ । यसअघि भदौ १४ र १५ गते हुने भनिएको छनोट प्रतियोगिताको मिति परिवर्तन गर्दै भदौ १० गते राखिएको हो । नेपाल क्रिकेट सङ्घले आयोजना गर्न लागेको नेपाल टी ट्वान्टी लिग र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति एकै समयमा पर्न गएपछि नयाँ मिति तय गरिएको हो ।

यसअघि असोजमा हुने तय भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेट प्रतियोगिता मिति परिवर्तन गरेर भदौ २२ गतेदेखि गर्ने निर्णय भएसँगै जिल्लास्तरीय छनोट पनि अघि गर्न लागिएको जनाइएको छ ।

जिल्लास्तरीय पुरुष र महिला क्रिकेट छनोट प्रतियोगिता भदौ १० गते देहिमाडौं खेलमैदानमा सञ्चालन हुने बैतडी जिल्ला क्रिकेट सङ्घका अध्यक्ष विनोदबहादुर चन्दले जानकारी दिए ।

यसअघि भदौ १४ गते देहिमाडौं खेलमैदानमा पुरुष क्रिकेट र भदौ १५ गते सोही मैदानमा महिला क्रिकेट छनोट प्रतियोगिता सञ्चालन गर्ने मिति तय भएकामा परिवर्तन गरिएको हो । बैतडी जिल्ला खेलकुद विकास समितिका प्रमुख तर्कराज जोशीका अनुसार अन्य छनोट प्रतियोगिता भने साबिककै मितिअनुसार हुनेछन् ।

यही भदौ १० गते पहिलो दिन टेबल टेनिस (महिला/पुरुष), बुद्धिचाल भारत्तोलन पुरुष, कराते, तेक्वान्दो (महिला/पुरुष), छनोट सदरमुकाममा हुनेछ । भदौ ११ गते सदरमुकाममै ब्याडमिन्टन (महिला/पुरुष), उसु फुल कन्ट्याक्ट कराते (महिला/पुरुष), मेलौली खेल मैदानमा भलिबल (महिला/पुरुष) छनोट भदौ १२ गते हुने जनाइएको छ ।

यस्तै भदौ १३ गते पाटन खेल मैदानमा कबड्डी (महिला/पुरुष), एथलेटिक्स (महिला/पुरुष), फुटबल, बक्सिङ ( पुरुष) छनोट प्रतियोगिता सञ्चालन हुने बैतडी जिल्ला खेलकुद विकास समितिले जनाएको छ । दर्ता फारम नभरेका खेलाडीलाई छनोटमा सहभागी नगराइने र छनोट प्रतियोगितामा सहभागी नभएका खेलाडीलाई छनोट नगरिनेसमेत सूचनामार्फत जनाइएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BAHIYA TRADING AND SERVICES

पुर्व स्वीकृति मिति २०७८/१०/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT No :258877 चलानी नं.६०१७५२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 39 | 900 | ३१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ५४२/०६१/०६२

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9851112074,9841935884,9841541592, 9808658844

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLL PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०१/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT. No. 262272 चलानी नं. ६०१७८४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1200 | ३४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FINE QUALITY TIMBER SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT. No. 231166 चलानी नं. ६०१५३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 25 | 0 | 1200 | ३४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १५ गते (31st Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRI CONSTRUCT W.L.L

पूर्व स्वीकृति मिति २०७७/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०७ LT. No. : 235914 चलानी नं. ६०१४५६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
